# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मुसिकोट रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

phone: 088530261 , 9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@gmail.com
email: info@musikotmun.gov.np

पत्र संख्या: ०७८।०७९
च.नं. ५१५

मिति: २०७८।०६।०१

बिषय: निर्णय सिघ्र कार्यान्वयन सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यू (सबै) मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)
श्री शाखा प्रमुख ज्यू (सबै) मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

प्रस्तुत बिषयमा यस आर्थिक बर्ष २०७८।७९ को मुसिकोट नगर कार्यपालिकाको मिति २०७८।०५।३० गतेका दिन भएको तेस्रो बैठकबाट गरिएका निर्णयहरु सिघ्र कार्यान्वयनका लागि सम्बन्धीत सबैमा अनुरोध छ । साथै उक्त बैठकका निर्णयहरु यसै पत्रसाथ पठाईको ब्यहोरा समेत अनुरोध छ ।

(नरहरी तिवारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

आज मिति २०७८ साल भदौ ३० गते बुधबारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख देबीलाल गौतम ज्युको अध्यक्षतामा आर्थिक बर्ष २०७८।०७९ को तेस्रो बैठक बसी तपशिलका प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

तपशिल:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | देबीलाल गौतम | नगर प्रमुख | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३. | नरहरी तिवारी | सचिब | |
| ४. | बिरबल केसी | कार्यपालिका सदस्य | |
| ५. | काशीराम खड्का | ,, ,, | |
| ६. | भिमबहादुर खड्का | ,, ,, | |
| ७. | निर्मलकुमार पुन | ,, ,, | |
| ८. | शुसिल गौतम | ,, ,, | |
| ९. | बसन्त गौतम | ,, ,, | |
| १०. | हिमबहादुर पाण्डे | ,, ,, | |
| ११. | बद्धिप्रसाद बुढा | ,, ,, | |
| १२. | नबिन ओली | ,, ,, | |
| १३. | गोपेश्वर केसी | ,, ,, | |
| १४. | पदमबहादुर पुन | ,, ,, | |
| १५. | प्रेमबहादुर ओली | ,, ,, | |
| १६. | दिपक केसी | ,, ,, | |
| १७. | भिमबहादुर बिष्ट- | ,, ,, | |
| १८. | धिरन सिर्पाली | ,, ,, | |
| १९. | शसीराम परियार | ,, ,, | |
| २०. | पबित्रा कामी | ,, ,, | |
| २१. | जानकी केसी खड्का | ,, ,, | |
| २२. | कमला बुढा पुन | ,, ,, | |
| २३. | चम्फा परियार | ,, ,, | |
| २४. | मिना बिक | ,, ,, | |
| २५. | यामकुमारी नेपाली | ,, ,, | |

अन्य आमन्त्रितहरु:

१, हरिबहादुर पुन वडा सदस्य ११

२, नरेन्द्र बिष्ट ले.अ.

३, धन कुमार शाही का.अ.

४,

मिति २०७८ साल भदौ ३० गते बुधबारका प्रस्तावहरुः

| सि.नं. | प्रस्तावहरु | निर्णय हुनुपर्ने ब्यहोरा |
|---|---|---|
| १. | आ.ब. २०७८।०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा | छलफल भै सिघ्र सञ्चालनमा ल्याउन निर्णय गर्नुपर्ने । |
| २. | मुख्यमन्त्री रोजगार कार्यक्रममा युवा र वडा स्तरबाट पेश भएका योजनाको समिक्षा सम्बन्धमा | छलफल भै समन्वयका लागि वडा अध्यक्षहरुले सक्रिय भूमिका खेल्नु पर्ने |
| ३. | प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा योजना छनौट सम्बन्धमा | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका लागि वडा स्तरबाट योजना छनौट गरि तत्काल पठाउने निर्णय हुनुपर्ने । |
| ४. | बाढी पहिरोका कारण अबरुद्ध सडक मर्मत सम्बन्धमा | असोज मसान्तभित्र सडक मर्मत तथा सरसफाई गरि सडक सुचारु गर्नुपर्ने । |
| ५. | कृषि विकास कार्यक्रमको नयाँ पकेट क्षेत्र र अनुदान बाँडफाँट सम्बन्धमा | छलफल भै उपयुक्त निर्णय हुनुपर्ने । |
| ६. | दुग्ध प्रबर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा | छलफल भै उपयुक्त निर्णय हुनुपर्ने । |
| ७. | बसपार्क तथा सोको पहुँचमार्ग निर्माण सम्बन्धमा | छलफल भै निर्माणका लागि नपुग रकम संघीय सरकार, अर्थ मन्त्रालयमा माग गर्नु पर्ने । |
| ८. | नदिजन्य निर्माण सामाग्री निकासीका लागि IEE गर्ने र ठेक्का लगाउने सम्बन्धमा | नदिजन्य निर्माण सामाग्री निकाल्न सक्ने स्थानमा IEE गरि तत्काल ठेक्का प्रणाली मार्फत ठेक्का आह्वान गर्ने निर्णय लिनुपर्ने । |
| ९. | अस्थायी कर्मचारीले प्राप्त गर्ने सेवा सुबिधा सम्बन्धी कार्यबिधि सम्बन्धमा | २०६४ सालदेखि अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई निजामती कर्मचारी सरह उपदान एवं सेवा सुबिधा दिने निर्णय हुनुपर्ने । |
| १०. | जनप्रतिनिधिको स्थायी लेखा नम्बर सम्बन्धमा | सबै सेवा सुबिधा प्राप्त गर्ने जनप्रतिनिधिहरुले अनिबार्य रुपमा स्थायी लेखा नम्बर लिने निर्णय हुनुपर्ने । |
| ११. | जलबायु परिवर्तन सम्बन्धी कार्यक्रमको योजना हेरफेर सम्बन्धमा | आयोजनाको संख्या कटौती गरि बढिमा ५ वटा मात्र कायम गर्ने निर्णय हुनुपर्ने । |
| १२. | भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा | गुल्मीको मुसिकोट नगरपालिकाको उच्च स्तरीय भ्रमण गरि भगीनी सम्बन्ध कायम गर्ने निर्णय हुनुपर्ने । |
| १३. | औधोगिक ग्राम स्थापना गर्ने सम्बन्धमा | तोकिएको मापदण्ड र कार्यबिधिमा उल्लेख भए अनुसार नगरपालिकाको उपयुक्त स्थानमा औधोगिक ग्राम स्थापना गर्ने निर्णय हुनुपर्ने । |
| १४. | प्राबिधिक कर्मचारीको स्थानीय भत्ता सम्बन्धमा | फिल्डमा खटिएका प्राबिधिक कर्मचारीहरुलाई कार्यबोझका आधारमा स्थानीय भत्ता उपलब्ध गराउने निर्णय हुनुपर्ने । |
| १५. | आन्तरिक लेखा परीक्षण सम्बन्धमा | अन्तिम लेखा परीक्षण गर्न छलफल भै आवश्यक निर्णय लिनुपर्ने । |
| १६. | शहरी शासकीय विकास कार्यक्रमका लागि लाभग्राही छनौट तथा परिचय पत्र वितरण सम्बन्धमा | शहरी शासकीय विकास कार्यक्रम लागु भएका आयोजनाका लागि लाभग्राही छनौट गरी परिचय पत्र वितरण गर्नुपर्ने । |

निर्णयहरु :

**निर्णय नं. १, आ.ब. २०७८।०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा:**

चालु आ.ब. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरमा सञ्चालन हुने संघ, प्रदेश र स्थानीय तहबाट ससर्त, समपुरक, बिशेष र समानीकरण अनुदान र नगरको आफ्नै श्रोतबाट नगरसभाबाट छनौट भएका योजना तथा कार्यक्रम निर्धारित समयमा सम्पन्न गर्न ठेक्काका योजना बाहेक अन्य सबै उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजना मिति २०७८ कार्तिक १५ गतेसम्म सम्झौता गरि समयमै र तोकिएको गुणस्तरमा सञ्चालन गरि लक्षित उद्देश्य हासिल गर्न वडाहरुबाट आवश्यक समन्वय, सहजीकरण र सिघ्र कार्यान्वयनको ब्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २, मुख्यमन्त्री रोजगार कार्यक्रममा वडा स्तरबाट पेश भएका योजनाको समिक्षा सम्बन्धमा:**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट वडास्तरमा युवा र उपभोक्ताद्धारा सिधै माग भएका योजना तथा कार्यक्रमहरुको बारेमा आवश्यक अध्ययन् एबं बिश्लेषण गरी, प्रदेश सरकारबाट योजना स्वीकृत भए पश्चात कार्यान्वयनका लागि पूर्ब तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३, प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा योजना छनौट सम्बन्धमा:**

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तरगत यस पालिकामा प्राप्त भएको सशर्त अनुदानको रकमबाट वडा स्तरमा आयोजना छनौट गरि सिघ्र कार्यान्वयन गर्नु पर्ने भएकाले प्रत्येक वडाले प्राथमिकताका आधारमा कम्तीमा दुई/दुई वटा पूर्ण ज्याला/रोजगारीमा आधारित रहि सञ्चालन हुन सक्ने आयोजना छनौट गरि ७ दिनभित्र वडा समितिको निर्णय सहित पठाउने ब्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४, बाढी पहिरोका कारण अबरुद्ध सडक मर्मत सम्बन्धमा:**

वर्षातको बाढी एबं पहिरोका कारण अबरुद्ध एबं क्षतिग्रस्त भएका तर चालु आ.ब.मा बजेट विनियोजन नभएका नगर स्तरिय सडकहरु तुरुन्त मर्मतसम्भार गरि दशैं पूर्ब नै सञ्चालनमा ल्याउनुपर्ने भएकोले प्रत्येक वडाले आफ्ना क्षेत्रका मर्मत सम्भार गरि सञ्चालनमा ल्याउने सडकहरुका अबस्थाको प्राबिधिक मुल्याङ्कन गरि ल.इ. तयार गरी पुर्वाधार विकास समिति मार्फत ७ दिनभित्र नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५, कृषि विकास कार्यक्रमको नयाँ पकेट क्षेत्र र अनुदान बाँडफाँट सम्बन्धमा:**

यस नगर क्षेत्र सञ्चालित कृषि विकास कार्यक्रमको नयाँ पकेट क्षेत्र छनौट तथा अनुदान बाँडफाँटका लागि मिति २०७८।०५।२५ गतेको कृषि विकास समितिको निर्णय उपयुक्त देखिएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६, दुग्ध प्रबर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा:**

मुसिकोट नगरपालिकामा पशुधन प्रबर्द्धन गरि दुध उत्पादन मार्फत आयआर्जन बढाउने नीति, कार्यक्रम र बजेट बिनियोजन समेत भएकोमा तुलनात्मक रुपमा उत्पादनको सम्भावित स्थानहरु मुसिकोट नगरपालिकाका वडा नम्बर ३, ४, ६, ७, ११, १२, १३ र १४ का इच्छुक किसानहरुबाट प्रस्ताव आहाव्न गरि निवेदन संकलन गर्ने र निवेदन पश्चात कर्णाली प्रदेश सरकार र मुसिकोट नगरपालिकाले तोकेको आफ्नो मापदण्डका आधारमा प्राप्त निवेदन उपर छानबिन गरि बिज्ञ सहितको समितिले तोकिएको मापदण्डका आधारमा लाभग्राही छनौट गरि प्रदेश सरकार, मुसिकोट

नगरपालिका र लाभाम्वित कृषकको समेत लागत साझेदारीमा होलिस्ट्रीन जातको स्वस्थ गाई निश्चित मापदण्ड र स्पेसीफिकेशन एवं गुणस्तरका आधारमा सिधै कृषक मार्फत खरिद गर्ने ब्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७, बसपार्क तथा सोको पहुँचमार्ग निर्माण सम्बन्धमाः**
मुसिकोट नगरपालिकामा गौरबको आयोजनाको रुपमा रहेको मुसिकोट नगरपालिका वडा नम्बर २, बसन्चौर भेरी बसपार्क निर्माणका लागि संघीय सरकारबाट सशर्त अनुदान रु. १ करोड रकम बिनियोजन भएकोमा प्राबिधिक मूल्याङ्कन गरि ल.इ.का लागि रु. १ करोड ९८ लाखको ल.इ. तयार भएको र सोका लागि आवश्यक मापदण्ड बमोजिमको पहँचमार्ग समेत निर्माण गर्नुपर्ने भएकोले त्यसका लागि नपुग रकम रु. ३ करोड बजेट संघीय सरकार, अर्थ मन्त्रालयमा माग गर्ने र निर्माण कार्य सार्वजनिक खरिद ऐन, नियम बमोजिम ठेक्का प्रणालीबाट तोकिएको मापदण्ड र गुणस्तरका आधारमा निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८, नदीजन्य निर्माण सामाग्री निकासीका लागि IEE गर्ने र ठेक्का लगाउने सम्बन्धमाः**
संघीय एबं स्थानीय तहबाट जारी भएको मापदण्ड बमोजिम रहने गरि मुसिकोट नगरपालिकाको क्षेत्रभित्र रहेका नदीजन्य एबं खानीजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् एबं ब्यबस्थापन वाताबरणीय प्रभाव मूल्याङ्कन (IEE) गरी छिटो, बिधिद्धारा सार्वजनिक खरिद ऐन, नियम बमोजिम ठेक्का प्रणाली मार्फत मुसिकोट नगरपालिकाको संचित कोष (राजश्व)को दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ९, अस्थायी कर्मचारीले प्राप्त गर्ने सेवा सुबिधा सम्बन्धी कार्यबिधि सम्बन्धमाः**
मिति २०६४ सालदेखि स्थानीय तहको स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी कर्मचारीहरु लामो समयदेखि अबिछिन्न सेवारत रहेका अस्थायी कर्मचारीहरुले कानुन बमोजिम यस नगरपालिकाबाट सेवामुक्त हुँदा अस्थायी नियुक्ति प्राप्त गरि स्वीकृत अस्थायी दरबन्दीमा कार्यरत रहेको समयदेखि सेवा गणना हुने गरि संघीय निजामती सेवा ऐन, नियम र कानुन बमोजिम हुनेगरी अवधी गणना गरि सेवा सुबिधा दिने । अस्थायी कर्मचारीले प्राप्त गर्ने सेवा सुबिधा सम्बन्धी कार्यबिधि २०७८ तयार गरि आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०, जनप्रतिनिधिको स्थायी लेखा नम्बर सम्बन्धमाः**
स्थानीय तहबाट मासिक रुपमा आर्थिक सेवा सुबिधा लिने जनप्रतिनिधि एबं कर्मचारीले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिई सेवा सुबिधा लिने अनिवार्य कानुनी ब्यबस्था भएकाले स्थायी लेखा नम्बर अनिबार्य रुपमा प्राप्त गरि कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११, जलबायु परिवर्तन सम्बन्धी कार्यक्रमको योजना हेरफेर सम्बन्धमाः**
जलबायु परिवर्तन अनुकुलन आयोजना अन्तरगत स्थानीय तहमा जलबायु परिवर्तन अनुकुलन तथा उत्थानशील योजनाहरुको पहिचान, प्राथमिकीकरण र छनौट प्रकृया सम्बन्धी नीति र मापदण्डका आधारमा ठूला जलबायु अनुकुलन सम्बन्धी योजनामा मात्र लगानी गर्ने ब्यबस्था भएकोले यस अघि बिनियोजन भएका तपशिल बमोजमका कार्यक्रम हेरफेर र संशोधित गरि तपशिल बमोजिमका योजनाहरु कायम गर्ने निर्णय गरियो । साथै छिबाङजिउला पाखेस्वाँरा बाटुलेचौर सिंचाइ आयोजना मु.न.पा. १४ मा शहरी शासकीय पूर्वाधार कार्यक्रम अन्तरगत रहेकोमा सो कार्यक्रम जलवायु परिवर्तन कार्यक्रम अन्तरगत गर्ने र सतिपोले लिफ्टिङ खानेपानी आयोजना मु.न.पा. १४ शहरी शासकीय पूर्वाधार कार्यक्रमबाट गर्ने निर्णय गरियो ।

तपशिल:

| सि. नं. | यस अघि बिनियोजित जलवायु परिवर्तन सम्बन्धीका योजना तथा कार्यक्रम | सि. नं. | हाल कायम गरिएका जलवायु परिवर्तन सम्बन्धीका योजना तथा कार्यक्रम |
|---|---|---|---|
| १. | कराउनेपानी खानेपानी आयोजना मु.न.पा. ७ | १. | कराउनेपानी खानेपानी आयोजना मु.न.पा. ७ |
| २. | खानेपानी आयोजना मु.न.पा. ११ | २. | खानेपानी आयोजना मु.न.पा. ११ |
| ३. | खानेपानी आयोजना मु.न.पा. १३ | ३. | खानेपानी आयोजना मु.न.पा. १३ |
| ४. | दोमाइखोला जुम्लाबाङ वडा कार्यालय तटबन्ध जलवायु परिवर्तन सिंचाइ कार्यक्रम मु.न.पा. १२ | ४. | दोमाइखोला जुम्लाबाङ वडा कार्यालय तटबन्ध जलवायु परिवर्तन सिंचाइ कार्यक्रम मु.न.पा. १२ |
| ५. | पानाखोला खानेपानी आयोजना मु.न.पा. १० | ५. | छिबाङजिउला पाखेस्वाँरा बाटुलेचौर सिंचाइ आयोजना मु.न.पा. १४ |
| ६. | सतिपोले लिफ्टिङ खानेपानी आयोजना मु.न.पा. १४ | | |

**निर्णय नं. १२, भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा:**
मिति २०७८ साल असार १२ गते गुल्मी मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री सोमनाथ
सापकोटा ज्यूको नेतृत्वको प्रतिनिधि मण्डलले यस मुसिकोट नगरपालिकामा मैत्रीपूर्ण भ्रमण गरेको र
दुबै नगर प्रमुख ज्यूहरु रुकुम (पश्चिम) मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री देबीलाल गौतम
ज्यू र गुल्मी मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री सोमनाथ सापकोटा ज्यूको प्रतिनिधि
मण्डलका बिचमा दुइपक्षीय छलफल भई दुबै नगरपालिकाको नामाकरण संयोगले एकै रहेको र
भावनात्मक सम्बन्ध समेत कायम रहेको सन्दर्भमा दुबै नगरपालिकाबाट भएका असल अभ्यासको
आदान प्रदान गर्दै अन्तत: भगिनी सम्बन्ध कायम गरि दुबै नगरपालिकाको सम्बन्ध प्रगाढ बनाउन
गुल्मी मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री सोमनाथ सापकोटा ज्यूले आफ्नो पालिकामा
मैत्रीपूर्ण भ्रमण गर्न हार्दिक निमन्त्रणा गर्नु भएको हुँदा उपयुक्त समय तय गरी असोज
मसान्तसम्ममा नगर प्रमुख ज्यूको नेतृत्वमा मैत्रीपूर्ण भ्रमण गरी भगिनी सम्बन्ध लगायतका
बिषयहरु टुङ्गो लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३, औधोगिक ग्राम स्थापना गर्ने सम्बन्धमा:**
मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)मा औधोगिक ग्राम स्थापना गरी उद्योग एवं ब्यापारको
क्षेत्रमा रुपान्तरण अभिबृद्धि गर्न अति आवश्यक देखिएकाले नेपाल सरकार, उद्योग, बाणिज्य तथा
आपूर्ति मन्त्रालयको तोकिएका मापदण्ड र कार्यबिधिमा उल्लेख भए अनुसार कम्तीमा ३५ रोपनी
जग्गा र सडक पूर्वाधार समेत भएको मुसिकोट नगरपालिका वडा नम्बर २ को पानढुङ्गा शहिद
स्मृति स्पोर्ट भिलिज फाउन्डेशनका नाममा रहेको १९ रोपनी जग्गा र सोहि जग्गासँगै जोडिएको १६
रोपनी ऐलानी जग्गा समेत नगरपालिकाको स्वामित्वमा हक हस्तान्तरण गर्न जग्गाधीहरु इच्छुक
देखिएकाले मुसिकोट नगरपालिका वडा नम्बर २ को पानढुङ्गा शहिद स्मृति स्पोर्ट भिलिज
फाउन्डेशनका नाममा रहेको १९ रोपनी जग्गा र सोहि जग्गासँगै जोडिएको १६ रोपनी ऐलानी
जग्गा गरि कम्तीमा ३५ रोपनी जग्गा मुसिकोट नगरपालिकाको स्वामित्वमा कायम गरी उक्त
जग्गामा औधोगिक ग्राम स्थापना गर्न ब्यवस्थापनका लागि नेपाल सरकार, उद्योग, बाणिज्य तथा
आपूर्ति मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४, प्राबिधिक कर्मचारीको स्थानीय भत्ता सम्बन्धमा:**
स्थानीय तहको स्वीकृत दरबन्दीमा कार्यरत प्राबिधिक कर्मचारीहरुले खाईपाई आएको स्थानीय भत्ता गत आ.ब.मा बिबिध कारणले कटौती गरिएकोमा यस आ.ब.मा कर्मचारीको कार्यबोझ र गुनासाहरुलाई सम्बोधन गर्न फिल्डमा खटिने प्राबिधिक कर्मचारीलाई प्रचलित कानुन बमोजिम स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५, आन्तरिक लेखा परीक्षण सम्बन्धमा:**
मिति २०७७।०९।२६ गतेका दिन बसेको कार्यपालिकाको बैठकमा आन्तरिक लेखा परीक्षणका आधारभूत सिद्धान्तको परिधिभित्र रहि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता अभिबृद्धि गरि मासिक अनिवार्य रुपमा आन्तरिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्ने भनि निर्णय भए बमोजिम उक्त कार्य गर्न हुन भनि च.नं. १६७३, मिति २०७७।१२।२६ को पत्रबाट आ.ले.प.अधिकृत श्री प्रेमबहादुर गिरीलाई अनुरोध गरिएकोमा हालसम्म आ.ले.प. नभएको र यस जिल्लामा महालेखा परीक्षकको कार्यालय काठमाण्डौंबाट अन्तिम लेखा परीक्षणका लागि टोली जिल्लामा आईसकेकोले निज आ.ले.प.अधिकृत श्री प्रेमबहादुर गिरी मिति २०७८।०४।१४ गतेदेखि ७ दिनको काज लिई काठमाण्डौं जानु भएकोमा हालसम्म (२०७८।०५।३० गते) कार्यालयमा उपस्थित नभएकाले पुन: एक पटक निजलाई आ.ले.प.का लागि अनुरोध गर्ने र यसो गर्दा पनि आन्तरिक लेखा परीक्षण हुन नसकेमा महालेखा परीक्षकको कार्यालय काठमाण्डौंबाट अन्तिम लेखा परीक्षण गर्न आएको टोली समक्ष श्रेस्ता पेश गरी अन्तिम लेखा परीक्षण गराउने निर्णय गरियो ।

**निर्णय नं. १६, शहरी शासकीय विकास कार्यक्रमका लागि लाभग्राही छनौट तथा परिचय पत्र वितरण सम्बन्धमा:**
नगर सभाबाट छनौट भएका शहरी शासकीय विकास कार्यक्रम लागु भएका प्रत्येक आयोजनाका लागि लाभग्राही छनौट गर्न सूचना प्रकाशित गरिएकोमा तोकिएको मापदण्डका आधारमा छनौट गरी परिचय पत्र वितरण गर्नुपर्ने भएकोले सबै वडाहरुबाट त्यस्ता लाभग्राहीहरुको विवरण तयार गरि आगामी असोज १५ गतेभित्र नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७, बिबिध सम्बन्धमा:**
**क) कृषि प्रसार सेवा केन्द्र स्थापना सम्बन्धमा:** कृषि क्षेत्र विकास कार्यक्रम अन्तरगत गत आ.ब.देखि मुसिकोट नगरपालिका १३ को चौतारामा सञ्चालनमा रहेको कृषि प्रसार सेवा केन्द्रलाई निरन्तरता दिदै यस आ.ब.देखि मुसिकोट नगरपालिका ६ झुल्खेतमा पनि कृषि प्रसार सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**ख) कक्षा ८ सञ्चालनका लागि अनुमति सम्बन्धमा:** श्री सरस्वती आ.बि.तिर्सिङमा गत शैक्षिक शत्रमा कक्षा ७ सञ्चालनको लागि अनुमति दिई कक्षा सञ्चालन भई रहेकोमा यस शैक्षिक शत्रदेखि कक्षा ८ सञ्चालनका लागि अनुमति माग भई आएको सन्दर्भमा बिद्यार्थीको चाप र अभिभावकको मागलाई मध्यनजर गर्दै यस शैक्षिक शत्रदेखि कक्षा ८ सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

**ग) बेसाहारा वालिकाको शैक्षिक सन्तति कृति सम्बन्धमा:** यस मुसिकोट नगरपालिकाको कार्यालयमा कुचीकार पदमा कार्यरत रहि बिगत १२ बर्ष देखि सेवा गरेका जोख बहादुर दमाईको मिति २०७८।०४।२९ गते निधन भएको र सोहि पदमा कार्यरत निजकी श्रीमती धनी दमाईको पनि यस अघि नै निधन भई निजकी बेसाहारा छोरी कल्पना दमाईको संरक्षक कोही नभएकोले उक्त

वालिकाको कक्षा १२ सम्मको पठन पाठनका लागि नगरपालिकाले मासिक रु. ३ हजारले हुन आउने बार्षिक ३६ हजार रुपैयाँका दरले खर्च उपलब्ध गराउने र सोको आर्थिक दायित्व मुसिकोट नगरपालिकाले लिने निर्णय गरियो ।

**घ) कालिका मन्दिरको जीर्णोद्धार तथा पुनःनिर्माण सम्बन्धमाः** यस नगरपालिकाको वडा नम्बर १, खलंगामा रहेको कालिका मन्दिर जीर्ण भइ अघिल्लो आ.ब.मा पुनःनिर्माणका लागि शुरु गरिएको र बजेट अभावका कारण अधुरै रहेकोले उक्त मन्दिर मर्मतका लागि प्राबिधिक मूल्याङ्कन अनुसारको खर्च गर्ने गरी आवश्यक बजेट बिनियोजन गरि मन्दिरको जीर्णोद्धार तथा पुनःनिर्माण गर्ने निर्णय गरियो ।

**ङ) बि.ब्य.स.गठनका लागि कार्यबिधि निर्माण सम्बन्धमाः** यस नगर क्षेत्रभित्र रहेका सम्पूर्ण बिद्यालयहरुमा लामो समयदेखि बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरुको पद रिक्त भई बिद्यालयको भौतिक निर्माण तथा शैक्षिक गतिबिधि लगायतको बिद्यालय ब्यबस्थापन एबं सञ्चालनमा समस्या उत्पन्न भएको तथा कोभिड १९ को जोखिम कायमै रहेको सन्दर्भमा अभिभावक भेला गरी बि.ब्य.स. गठन गर्न नसकिने अबस्था भएकोले बिद्यार्थीको पठनपाठन लगायत महत्वपूर्ण समन्वयकारी भूमिका निर्वाह गरी शिक्षाको गुणस्तर सुधार गर्नका लागि तत्काल कार्यबिधि निर्माण गरी बि.ब्य.स.को गठन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**च) बैरागी ठाँटी घोरखानी सडक निर्माण कार्य तिब्रता सम्बन्धमाः** संघीय सरकार र यस मुसिकोट नगरपालिकाको समपुरक कार्यक्रममा निर्माण भइरहेको नगरपालिकाकै गौरब एबं रणनैतिक महत्वको रुपमा रहेको बैरागी ठाँटी घोरखानी सडक लामो समयदेखि निर्धारित मापदण्ड र समयमा निर्माण हुन नसकेको सन्दर्भमा उक्त आयोजनाका ठेकेदारलाई निर्धारित समय र मापदण्डका आधारमा तिब्र रुपमा निर्माण कार्य अगाडी बढाउन लिखित निर्देशन दिने निर्णय गरियो ।

**छ) नगरपालिकामा कुचीकार भर्ना सम्बन्धमाः** यस मुसिकोट नगरपालिकाको कार्यालयमा कुचीकार पदमा रहि बिगत १२ बर्ष देखि सेवा गरेका जोख बहादुर दमाईको मिति २०७८।०४।२९ गते निधन भएको र सोहि पदमा कार्यरत निजकी श्रीमती धनी दमाईको पनि यस अघि नै निधन भई फोहोर ब्यबस्थापनमा समस्या उत्पन्न भएको हुँदा मुसिकोट ४, सितलपोखरी निबासी कमल बिकलाई नगर क्षेत्रको फोहोर ब्यबस्थापन गर्ने गरि मिति २०७८।०५।०१ गतेदेखि लागु हुने गरी कुचीकार पदमा करार नियुक्ति दिने निर्णय गरियो ।

**ज) ल्याव केन्द्र झुल्खेतको वाइरिङ खर्च भुक्तानी सम्बन्धमाः** यस नगरपालिकाको झुल्खेतमा रहेको ल्याव केन्द्रमा २४ सै घण्टा बिद्युत सुचारु गर्न वाइरिङ गर्ने र सोका लागि आवश्यक खर्च नगरपालिकाबाट बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**अन्तमा बैठकमा सहभागी सबैलाई धन्यवाद दिदै नगर प्रमुखबाट बैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न भएको घोषणा गर्नुभयो ।**

मिति २०७८/०५/३० मा भएको
निर्णय नं. १ देखि निर्णय नं. १८ (ज)
सम्म एजेण्डा सहित छलफल भई
सर्वसम्मत रुपमा भएका निर्णयहरु
प्रमाणित गरिन्छ ।